## “संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधार, महिलाको शरीर, श्रम र पहिचानमा आफ्नो अधिकार”

## महिलावादी मञ्च
## ३-५ फागुन, २०७४
## प्रदेश नं. ५का महिला जनप्रतिनिधि तथा महिला मानव अधिकार रक्षकहरुद्वारा पारित दाङ घोषणापत्र

सबै नेपाली नागरिकको स्वतन्त्रतासहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार स्थापित गर्न सय वर्ष अगाडी देखि योगमाया न्यौपानेले शुरु गरेको संघर्षलाई स्मरण गर्दै, सदियौंदेखि नेपाली महिलाहरुले गरेका संघर्ष र बलिदानप्रति उच्च सम्मान गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि भएका सबै जनआन्दोलनहरु, १० वर्षे सशस्त्र द्वन्द्व, ०६२/६३ को जनआन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन, एवं सबै सामाजिक आन्दोलनमा नेपाली महिलाहरुले गरेको संघर्ष र बलिदानको उच्च कदर गर्दै,

संविधानसभाबाट संविधान जारी भई तीनै तहको निर्वाचन सम्पन्न भैसकेपछि देशमा राजनीतिक रुपमा संक्रमणकाल अन्त्य भएको भनिएता पनि सशस्त्र द्वन्द्वका बेला युद्धरत पक्षहरुबाट महिलामाथि भएका यौन हिंसा, यातना लगायतका विभिन्न प्रकारका गंभीर मानव अधिकार उल्लघंनको सवाल संबोधन हालसम्म पनि हुन नसकेको कारण महिलाहरु शान्तिको लाभांशबाट बञ्चित रहेको, द्वन्द्वका घाउ लिएर बाँच्न विवस भएको यथार्थप्रति गम्भीर ध्यानाकर्षण गराउँदै, यो स्थिती ल्याउनमा विभेदकारी सामाजिक मूल्य मान्यता र हानिकारक परम्परामा आधारित महिलालाई हेर्ने दृष्टिकोण हो भन्ने ठहर गर्दै,

यी स्थितीहरुमा परिवर्तन नगरी देशले खोजेको समृद्धि हासिल हुन नसक्नुका साथै सामाजिक र सांस्कृतिक रुपान्तरण विना संघीय लोकतान्त्रिक गणतन्त्र दिगो रुपमा संस्थागत नहुनेमात्र होइन सरकारले लिएको दिगो शान्ति र समृद्धि सहितको विकासको सुनिश्चितता संभव छैन भन्ने मान्यताका साथ, सामाजिक, सांस्कृतिक रुपान्तरणका लागि महिलाको पहिचान, श्रमको मूल्यांकन, महिलाको शरीरमाथि आफ्नो नियन्त्रणको अवस्था स्थापित गर्न अत्यावश्यक देखिएकोले त्यसका लागि नीतिनिर्माण र त्यसको प्रभावकारी कार्यान्वयनको अपरिहार्यतामा विशेष जोड दिँदै,

महिलाबिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परागत, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, आर्थिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न पाइने छैन भन्ने नेपालको संविधान २०७२ को मौलिक हकको धारा ३८ स्मरण

गराउँदै अहिलेसम्म बनेका बिभिन्न ऐन कानुनको प्रभावकारी कार्यान्वयन नभएकै कारणले विभेद अन्त्यका सन्दर्भमा अपेक्षित प्रगति हासिल हुन नसकेको आत्मबोध गर्दै,

अहिलेसम्म सामन्तवादी व्यवस्थाको अवशेषको रुपमा रहेको भूमि व्यवस्थाको व्यवहारिक रुपमै अन्त्य गर्नुपर्ने तथ्य महशुस गर्दै ,

महिला आन्दोलनको निकै लामो र कठीन संघर्षको प्रतिफलस्वरुप स्थानीय तहको निर्वाचनमार्फतन महिलाको नेतृत्व स्थापीत भएता पनि असमान र विभेदपुर्ण सोचका कारण महिलाको स्वअस्तितवलाई स्वीकार नगरिएको कारण यस निर्वाचनमा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा गरिएको व्यवहारप्रति खबरदारी गर्दै, राज्यसत्ताको नेतृत्वमा महिला नेतृत्वदायी सहभागिताका सन्दर्भमा प्राप्त उपलब्धिको रक्षा गर्न स्थानीय तहदेखि नै सचेततापूर्वक कार्यसम्पादन गर्नुपर्ने आवश्यकताबोध गर्दै,

विद्यमान पितृसत्तात्मक समाजमा जरा गाडेर बसेको विभेद, असमानताको अन्त्य बिना संविधान प्रदत्त महिला अधिकारसाथै राज्यद्वारा आत्मसात गरेको दिगो बिकासको लक्ष्य समेत हासिल हुन नसक्ने तथ्यप्रति सचेत हुदैं, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८; नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६; सवै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि १९६५; महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९७९; यातना तथा अन्य क्रुर अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४; बालअधिकार महासन्धि १९८९, अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धी महासन्धि २००६ लगायत विभिन्न मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले सुनिश्चित गरेका मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको सम्मान गर्न माग गर्दै,

दाङको तुलसीपुरमा २०७४ फागुन ३ गतेदेखि ५ गतेसम्म आयोजित प्रदेश नम्वर ५ को प्रदेशस्तरीय यस महिलावादी मञ्चमा उपस्थित हामी स्थानीय तहका जनप्रतिनीधिहरु, महिला मानवअधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरुको संयुक्त तत्वाधानमा सम्पन्न यस महिलावादी मञ्चबाट यो ६ बूँदे घोषणापत्र जारी गर्दछौ ।

**हाम्रा घोषणाहरु :**

१. निरन्तर महिला आन्दोलनको प्राप्ति स्वरुप राज्यको संरचनामा स्थानीय तह, प्रदेशसभा र संघ गरी तीनवटै तहमा सुनिश्चित भएको महिला नेतृत्वको सहभागितालाई कदरगर्दै, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि महिलाको समानुपातिक, समावेशी, संलग्नता सहितको निर्णायक नेतृत्व अभ्यासका लागि विशेष योजना र कार्यक्रम निर्माण गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

२. संक्रमणकालीन न्यायको व्याख्या महिलाको दृष्टिकोणबाट अझैसम्म पनि हुन नसकेको सन्दर्भमा द्वन्द्वपीडित तथा प्रभावित विशेषतः यौनजन्य हिंसा र यातना भोग्न बाध्य महिलाको आवाजलाई संक्रमणकालीन न्याय प्रक्रियामा राज्यबाट मौन गराइएकोप्रति ध्यानाकर्षण गराउँदै, द्वन्द्व पीडित तथा प्रभावित महिलाको आत्मसम्मानसहितको सत्य, न्याय र परिपूरणकालागि अविलम्ब व्यवस्था गर्न साथै संक्रमणकालीन न्यायलाई कानुनी ब्याख्याको परिधीबाट फराकिलो पारी महिलालाई स्व–न्याय, पारीवारिक न्याय र सामाजिक न्यायको अनुभूति गर्ने संयन्त्र र वातावरण निर्माण नेतृत्व र सहकार्य गर्नेछौ ।

३. महिलालाई हेर्ने दृष्टिकोण र सोचमा आमुल परिवर्तन नभएसम्म संविधानसभामार्फत प्राप्त नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको प्रत्येक नागरिकको समान अधिकार नेपाली महिलाले अनुभूत गर्न पाउने वातावरण बन्न सक्दैन । जसका कारण देशमा भएको बृहत राजनीतिक रुपान्तरणका बाबजुद पनि नेपाली महिलाको जीवन हिंसामूक्त र अधिकारसम्पन्न हुन नसक्ने यथार्थमा दुईमत छैन । तसर्थ विभिन्न हानीकारक  सामाजिक, सामाजिक तथा धार्मिक परम्परागत र कुप्रथागत सोंचका कारण महिलामाथि भैरहेको हिंसालाई गम्भीर अपराधको रुपमा स्वीकार तथा ब्याख्या गरी त्यस्ता सबैखाले हानिकारक परम्परागत अपराधलाई अन्त्यगर्ने छाता कानुनको निर्माण साथै स्थानीयतहदेखि राष्ट्रिय तहसम्म रणनीति बनाई प्रभावकारी कार्यान्वयन गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

४. पूँजीवादी पितृसत्तात्मक संरचनाद्वारा सिर्जित महिलाको काम तथा श्रमको कदर नगर्ने परम्परागत सोंच र अभ्यास कै कारण महिलाले घरभित्र, सार्वजनिक क्षेत्र र वैदेशिक रोजगारको क्रममा विभिन्न प्रकारका शोषण र भेदभाव खेप्नु परेको यथार्थतातर्फ ध्यानाकर्षण गराउँदै महिलाले गरि आएका सबै सेवामूलक कामको उचित लेखाजोखा र गणना गर्दै ती कामलाई उत्पादनमूलक कामको रुपमा स्थापित गर्ने संयन्त्र स्थानीय तह, प्रदेशसभा तथा संघ गरी तीनै तहमा निर्माण गर्न  नेतृत्व र सहकार्य गर्नेछौ ।

५.नागरिकका रुपमा महिलाको अस्तित्व आत्मसात नगरेको सन्दर्भमा स्थानीय तहदेखि नै महिलाको स्व-पहिचान र महिलाको आफ्नो शरीरमाथिको आफ्नो नियन्त्रणलाई स्थापित गर्नकालागि आवश्यक कानुन तथा नीति निर्माण अविलम्ब निर्माण गरी प्रभावकारी कार्यान्वयनकालागि आवश्यक संयन्त्र निर्माण गर्दै, मजदुर, विपन्न तथा सीमान्तकृत महिला, एकल तथा विधवा महिला, अपाङ्गता भएका महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, द्वन्द्वपीडित प्रभावित महिला, ज्येष्ठ नागरिक महिलाको पहिचानलाई आत्मसात गर्दै उनीहरुको नागरिक अधिकार सुनिश्चित गर्ने वातावरण निर्माण गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

६. सामन्तवादी पितृसत्तात्मक भूमि व्यवस्थाका कारण श्रम, स्रोतसाधन र भूमिमाथि महिलाको पहुँच र नियन्त्रण हुन नसकेको प्रति दु:ख व्यक्त गर्दै विशेष गरी भूमिहीन किसान, सुकुम्बासी तथा विपन्न र सीमान्तकृत समुदायका महिलाको भूमिमाथि अधिकारको सुनिश्चितताका साथै स्थानीय स्रोत साधनमा पहुँच कायम गर्न नीति निर्माण गरी वडास्तरबाटै आवश्यक कार्यान्वयन गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

अन्त्यमा, हामी स्थानीय तहका जनप्रतिनीधि, महिला मानव अधिकार रक्षकहरु, सामाजिक न्याय तथा लोकतन्त्रप्रति विश्वास राख्ने सम्पुर्ण नागरिक समाजका प्रतिनिधि आफ्नो तर्फबाट महिलाको मानव अधिकारको संरक्षण र प्रवर्द्धनकालागि प्रतिबद्धता जाहेर गर्दै, यो घोषणापत्र अनुरुपका व्यवस्था स्थानीयतहमा नै स्थापित गर्न/गराउन निरन्तर अभियानरत तथा प्रतिबद्ध रहनेछौ ।

तुलसीपुर दाङ, प्रदेश नम्बर ५

फाल्गुण ५, २०७४